# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।१०।११ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिज सम्पत्ति हानिनोक्सानी र घुस/रिसवत गरी ३(तीन) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।१०।११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी टिकाराम कामी (वि.अ. को मु.नं (०७५-CR-०३११ .फैसला मिति २०७९।०३।०२ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | प्र. टिकाराम कामीले भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले प्र. टिकाराम कामीलाई बिगो रु.५,००,०००।— कायम गरी भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा(१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन । | **फैसलाः**<br>प्रतिवादीलाई सफाई ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीले अदालतमा आई कसुरमा ईन्कार रही बयान गरी आफ्ना साक्षीको बकपत्रबाट समर्थित गराएको,<br>• आयोगले राज्यकोषबाट रकम उपलब्ध गराएको तथा प्रतिवादीबाट रकम वरामद गर्ने काम अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम (३०) अन्तर्गत रही गरेको र उक्त नियम ३० अमान्य र बदर हुने गरी सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसद सचिवालय समेत भएको निवेदन (०७४-WC- ००२०) मा अन्तिम आदेश भएको हुँदा उक्त नियम ३० अन्तर्गत रही संकलन तथा वरामद गरिएको दशी प्रमाण समेतलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिएको<br>• उजुरकर्ताले अदालतमा उपस्थित भई उजुरी ब्यहोरा पुष्टि हुने गरी बकपत्र गर्न नसकेको एवं वादीका साक्षीले प्रतिवादीलाई पोल गरी वकपत्र गरेको नपाइएको,<br>• प्रतिवादी उपर लगाईएको आरोपदावी वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नसकेको। | • प्र.ले मौकामा कसूरमा सावित रहेको र अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि आफ्नो साथबाट उक्त घुस/रिसवत वापतको रकम वरामद भएकोमा सावित रहेको,<br>• रंगेहात नमूना परीक्षणमा मुचुल्कामा खानतलासी बरामदी मुचुल्का एवं रकम बरामद भएको भनि गरेको सनाखत कागज समेतबाट प्र.ले वारदात घटाएको पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• "आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रस्तुत मुद्दामा नबुझी नहुने साक्षी उजुरी निवेदक मध्येका रविन्द्र लम्साललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिँदा सोतर्फ प्रवेश नगरी निज उजुरी निवेदकले बकपत्र नै नगरेको भनी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विधुतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २ | प्रतिवादीहरु नविनचन्द्र झा, दिलचन्द्र राई र खगेन्द्र | गोदाममा मौज्दात रासायनिक मल | प्र.हरु नविनचन्द्र झा,दिलचन्द्र राई र खगेन्द्र बस्नेतले भ्र.नि. ऐन,२०५९ को दफा १७ बमोजिम कसूर गरेको पुष्टि भएको हुँदा विगो रु. १९,०७,३५०।- (उन्नाईस लाख सात | **फैसलाः**<br>प्रतिवादीहरु दिलचन्द्र राई र खगेन्द्र बस्नेतलाई आरोपमागदावी बमोजिम नै सजाय ठहरी फैसला भएकोले निजहरुको हकमा | • प्रतिवादीहरु दिलचन्द्र राई र खगेन्द्र बस्नेतले प्रतिवादी मध्येका नविनचन्द्र झालाई कसूरमा पोल गरी अदालतमा समेत वयान गरेको र प्रतिवेदक ज्ञानहरी आचार्य समेतले उक्त वारदात सम्बन्धमा छानविन गरी मौकामा पेश गरेको प्रतिवेदनमा कार्यलय प्रमुख प्रतिवादी नविनचन्द्र झाले समयममा नै मलका गोदाम स्टक जाँच समेत नगरी बसेकोले |

| | | | | | |
|---|---|---|---|---|---|
| | बस्नेत (वि.अ. को मु.नं. (०७६-CR-०१४९) (को फैसला मिति २०७९।०५।२८ | हिनामिना गरी भ्रष्टाचार गरेको । | हजार तीन सय पचास) कायम गरी प्र.हरु नविनचन्द्र झा, दिलचन्द्र राई र खगेन्द्र बस्नेतलाई भ्र.नि. ऐन,२०५९ को दफा १७ ले निर्देश गरे अनुसारको कसूर गरेकाले भ्र.नि. ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिमको सजाय गरी हिनामिना हानी नोक्सानी भएको विगो रु. १९,०७,३५०।- (उन्नाईस लाख सात हजार तीन सय पचास) ऐ. को दफा १७ वमोजिम वमोजिम असुल उपर हुन । | पुनरावेदनको मागदावी नलिएको ।<br>प्र. नविनचन्द्र झालाई आरोपमागदावीबाट सफाई दिने गरी भएको सो हद सम्मको फैसला उपर मात्र पुनरावेदनको मागदावी लिएको<br>**विशेष अदालतले** प्र. नविनचन्द्र झालाई **सफाई दिदा लिएका आधार:**<br>• प्रतिवादी नविनचन्द्र झाले मौकामा र अदालतमा कसुरमा इन्कार रही गरेको वयान, सहप्रतिवादी दिलचन्द्र राईले पोल गरी बयान गरेको भएतापनि गोदामको ताला चावी निज प्रतिवादी नविन चन्द्र झासँग नभई दिलचन्द्र राईसँगै रहने हुँदा प्रतिवादी नविनचन्द्र झालाई सहप्रतिवादी दिलचन्द्र राईलाई पोल वयान गरेको, साल्ट ट्रेनिङ् कर्पोरेशन केन्द्रिय कार्यालयको छानविन टोलीले गोदाममा रहेको रासायनिक मल हिनामिना गर्ने कार्यमा निज प्रतिवादी नविनचन्द्र झालाई दोषी देखाई प्रतिवेदन दिन सकेको नपाइएको,<br>• प्रतिवादी नविनचन्द्र झा उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणवाट पुष्टि र प्रमाणित हुन नसकेको। | रु. १९,०७,३५०।- बराबरको रकमको मल हिनामिना भएको भन्ने स्थलगत मुचुल्का समेतबाट देखिएको हुदाँ प्रतिवादी नविनचन्द्र झा समेतको मिलोमतो र योजनामा वारदात घटाई मल हिनामिना गरेको पुष्टि भएको मिसिल संलग्न कागज प्रमाण समेतबाट देखिएको,<br>• सह-अभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९क. वमोजिम प्रमाणमा लिनु पर्ने देखिएको,<br>• सह-अभियुक्तको पोललाई प्रमाणको रुपमा लिनु पर्छ भनी तारानाथ रेग्मी समेत ***विरुद्ध नेपाल सरकार भएको (ने.का.प. २०४० नि.नं. १७३७ पृठ ४९६)*** मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, विपरित भई प्रतिवादी नविनचन्द्र झालाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |
| ३ | प्रतिवादीहरु राम विश्वास मुखिया र निरगुन पासवान (दुसात) (वि.अ. को मु.नं (०७६-CR-०४२९)) वि.अ. को फैसला मिति २०७९।०२।१९ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | प्र. राम विश्वास मुखियाले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजलाई बिगो रु.१३,०००।— (तेह्र हजार) कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिबाना र कैद सजाय हुन र प्र. निरगुन पासवान (दुसात) ले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएको हुंदा निज निरगुन पासवान(दुसात) लाई बिगो | **फैसला:**<br>दुवैप्रतिवादीलाई सफाई ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• प्रतिवादी निरगुन पासवानको साथवाट रकम वरामद भएको तर्फ हेर्दा उक्त रकम आयोगले राज्यकोषवाट उपलब्ध गराएको रकम भएको र आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अन्तर्गत रही रकम उपलब्ध गराउने, वरामद गर्ने, मुचुल्काहरु गराउने कार्यलाई सम्मानित सर्वोच्च अदालतवाट निवेदक विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसद सचिवालय समेत भएको ०७४-WC-००२० को निवेदनमा | • प्रतिवादी राम विश्वास मुखियाले अदालत समक्ष बयान गर्दा उक्त रकम प्रतिवादी मध्येका निरगुन पासवान (दुसात)ले वरामद भएको कुरामा सावित रही आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि निज प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयानमा गर्दा निवेदक गान्धी देवी मुखियाले पहिले मेरो नागरिकता हराएको छ प्रतिलिपीको लागि सिफारिस गरिदिनु पर्‍यो भनी मलाई भनेपछि मैले तेह्र हजार घुस/रिसवत रकम मागेको र उक्त रकम निरगुन पासवान (दुसात) लाई दिन भनेको हुँ। मलाई पाँच हजार दिने अरु पैसा निजले राख्ने कुरा भएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी राम विश्वास मुखियाको साविती बयान कागज र प्रतिवादी मध्येका निरगुन पासवान (दुसात)ले सोही व्यहोरा समर्थित हुने गरी मौकामा बयान गरेकोमा निज प्रतिवादी उपर विशेष अदालत काठमाडौंबाट मिति २०७७।०६।१२ मा म्याद जारी भएकोमा निज प्रतिवादीले अदालमा उपस्थित भई स्वतन्त्र रुपमा आफ्नो कुरा राखी न्यायिक कार्यमा सहयोग पुन्याउनु पर्नेमा प्रतिवादीले उक्त म्याद आफैले बुझी लिई आफु समेत उपरको कसूर स्वीकार गरी म्यादै गुजारी बसेकोबाट पनि आरोपदावी |

| | | | | | |
|---|---|---|---|---|---|
| | पु.वे.गर्ने निर्णय नं. ७२९ मिति २०७९।१० ।०५ | | रु.१३,०००।– (तेह्र हजार) कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भए बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) अनुसार जरिवाना र कैद सजाय हुन। | उक्त नियम ३० लाई अमान्य र वदर गर्ने गरी आदेश गरेको तथा त्यस्तो रकमलाई प्रमाण ग्राह्य गर्न नमिल्ने भनी व्याख्या समेत गरेको हुँदा वरामद उक्त रकमका आधारमा मात्र प्रतिवादीलाई कसूरदार ठहर गर्न मिल्ने देखिएन,<br>• प्रतिवादी रामविश्वास मुखियाले अदालतमा कसूरमा ईन्कारी वयान गरी आफ्ना साक्षीको बकपत्रबाट समर्थित गराएको,<br>• प्रतिवादीहरुले नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्न उजुरकर्ताहरुसंग घुस / रिसवत माग गरेको भनी वादीका साक्षीहरुले स्पष्ट रुपमा लेखाउन नसकेको,<br>• प्रतिवादीहरू उपरको आरोपमागदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नआएको । | समर्थित भएको,<br>• प्र.हरु र उजुरी निवेदकहरुवीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का समेतबाट प्र.हरुको मिलोमतो र योजनामा वारदात घटाएको पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |